**सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा आयोगका माननीय अध्यक्ष तप बहादुर मगरज्यूले प्रस्तुत गर्नुभएको मन्तव्य**

**सम्माननीय राष्ट्रपतिज्यू,**

राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गर्न अमूल्य समय उपलब्ध गराइदिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु।

**सम्माननीयज्यू,**

मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र यसको कार्यान्वयनको सुनिश्चितताका लागि कार्य गर्नु नेपालको संविधानको धारा २४९ बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । नेपालको संविधानको धारा २९४ (१) मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्थाअनुरूप आयोगले वर्षेनी प्रतिवेदन पेस गर्दै आएको छ । यस आ.व. (२०७९/०८०) को वार्षिक प्रतिवेदनमा खास गरी वर्षभर परेका उजुरीहरू, उजुरीउपर छानविन, अनुसन्धान, अनुगमन, प्रवर्धन, कानुन पुनरावलोकन, सरकारलाई गरेका सिफारिसलगायतका विषयहरू उल्लिखित छन् । मुलुकको मानव अधिकार अवस्था र आयोगबाट सम्पादित कामकारबाहीलाई मूल रूपमा समावेश गर्ने प्रयास यस प्रतिवेदनमा गरिएको छ । यसको साथै आयोगको उपलब्धी, चुनौती तथा मानव अधिकार संरक्षण र संवर्धनका लागि आयोगले चाल्नुपर्ने भावी कदमहरू लगायतका विषयवस्तु पनि यस प्रतिवेदनमा समेटिएको छ ।

यस अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा १०० उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २२० पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ । आयोगले ४०४ उजुरीउपर निर्णय गरेको छ भने १३ वटा नीतिगत र १०२ वटा उजुरीगत सिफारिसहरू गरिएको छ । उजुरीलाई व्यवस्थित गर्न उजुरी व्यवस्थापन प्रतिवेदन प्रणाली (Complaint Management and Reporting System-CMRS) विधि आत्मसात गरिएको छ । यसबाट उजुरीकर्ता तथा पीडितहरूले आयोगमा दर्ता गरेका मानव अधिकार उल्लङ्नका उजुरीउपर भए-गरेका कामकारबाहीको अवस्था सरल तथा सहज तवरले जानकारी पाउन र उजुरी संयन्त्रको प्रभावकारिता अभिवृद्धि तथा अभिलेखिकरणलाई व्यवस्थित बनाउन मद्दत पुग्न गएको छ ।

आयोगबाट जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्धनसम्बन्धी जम्मा २३१० वटा कार्यक्रम भएका छन् । विश्वव्यापी आवधिक समीक्षा (UPR) बाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको कार्यान्वयनका लागि केन्द्रका साथै प्रदेश कार्यालयहरूबाट कार्यशाला गोष्ठी आयोजना भएका छन् । यस अवधिमा आयोगबाट मानव अधिकारका समसामयिक विषयमा ४४ वटा प्रेस-विज्ञप्ति जारी भएका छन् । यसरी जारी भएका प्रेस-विज्ञप्ति नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग केन्द्रित छन् । यसै गरी महिला, बालबालिका, जातीय विभेद, आप्रवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्यायलगायतका विषयमा पनि प्रेसविज्ञप्ति जारी गरिएको छ ।

**सम्माननीयज्यू,**

सङ्घीय संरचनाअनुसार आयोगले सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारहरूसँग सहकार्य र समन्वयमा रही कार्य गर्दै आइरहेको छ । मानव अधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र संवर्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ । राष्ट्रिय स्तरमा संघीय संसदहरु, संसदीय समिति अन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समिति, राष्ट्रपतिको कार्यालय, नागरिक समाज, संवैधानिक आयोगहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी एवम् मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरूसँग निरन्तर सहकार्य, समन्वय र छलफल गर्दै आएको छ । संविधान, ऐन, कानुन र विधिबमोजिम मानव अधिकारको संरक्षण, संवर्धन र त्यसको परिपूर्ति गर्न आयोगले छैठौँ रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

**सम्माननीयज्यू,**

उल्लिखित उपलब्धीका बाजजुद् मानव अधिकारको संरक्षण र संवर्धन गर्ने कार्यमा केही चुनौतीहरू रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्दै संविधानको मर्म र भावनाअनुसारको उपलब्धी हासिल गर्न गराउन लक्षित तथा सिमान्तकृत वर्गको मानव अधिकारको सुनिश्चित गर्न गराउन, जलवायु परिवर्तनले मानव अधिकार उपभोगमा पर्ने असरको न्यूनीकरण गर्न गराउन, व्यवसाय र मानव अधिकार लगायत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण गर्ने गराउने कार्यमा ठोस प्रगति हासिल गर्न राज्यका सबै अङ्ग परिचालित हुनुपर्ने अवस्था छ । विपद् जोखिम न्यूनीकरणका लागि विपद्को पूर्व तयारी, राहत, उद्धार तथा पुनर्स्थापनामा विशेष नीति तथा कार्यक्रमको निर्माण हुन, मानव अधिकार संरक्षण र संवर्धनका कार्यमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोगले पार्न सक्ने असरलाई न्यूनीकरण गर्न, समाजमा बलियो जरा गाडेर बसेको पुरातन सोँच र मानसिकताको उपज महिला हिंसा, बालविवाह, दाइजो प्रथा, जातीय छुवाछूतलगायतका घटनाहरुमा न्यूनीकरणका लागि तीनै तहका सरकार, गैसस, नागरिक समाज, सञ्चार जगत सबैको सहकार्य र समन्वयात्मक भूमिका आवश्यक हुन्छ । विगत सत्र वर्षदेखि पूरा हुन नसकेको संक्रमणकालीन न्यायलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल्य मान्यता, अदालतको आदेश, आयोगका सिफारिसबमोजिम ऐन संशोधन गरी विश्वसनीय आयोग गठनमार्फत प्रभावकारी कार्यसम्पादनबाट टुङ्गोमा पुर्‍याउनुपर्ने देखिन्छ ।

आयोगले नेपाल सरकार समक्ष गरेका सिफारिसहरूको कार्यान्वयन अवस्था उत्साहजनक छैन। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ नेपालको संविधान अनुकूल संशोधन हुन सकेको छैन । पेरिस सिद्धान्तको मर्मअनुरूप आयोगको आर्थिक स्वायत्तता सुनिश्चित हुन नसकेको अवस्था छ । यी चुनौतीहरूको बावजुद् आयोग आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न पूर्णरूपमा प्रतिबद्ध छ।

अन्त्यमा, कार्य-सम्पादनको क्रममा आयोगलाई प्राप्त सद्भाव, सहयोग र समर्थनप्रति आयोगको तर्फबाट राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापिका-संसद्, सरकार, राजनीतिक दल, मानव अधिकार समुदाय, नागरिक समाज, पेसाव्यवसायी, सञ्चार-जगत सबैप्रति आभार प्रकट गर्दछु। वार्षिक प्रतिवेदन संयोजन/लेखन कार्यमा संलग्न कर्मचारीहरु, आयोगका माननीय सदस्यहरु र सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद प्रकट गर्दछु। आगामी दिनहरूमा पनि सबै पक्षबाट निरन्तर सहयोग रहिरहने छ भन्ने अपेक्षा एवम् विश्वास लिएको छु।

धन्यवाद !

तपबहादुर मगर

अध्यक्ष